# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाबाट प्रकाशित

**खण्डः ४ संख्याः २० मितिः २०७८/११/१४**

**जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल**

भाग २

स्थानीय सरकार


### क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन गर्न बनेको कार्यविधी २०७८

**प्रस्तावनाः** राष्ट्रिय विकासका लागि पशुराम नगरपालिका अन्तर्गतका उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षाद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमै सर्वसुलभ उच्च शिक्षा प्रदान गर्न तथा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था अनुरुप जनताको सदाचार,





शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिका क्षेत्रभित्र संचालित सरकारी तथा सामुदायिक क्याम्पसको शैक्षिक व्यवस्थापनमा टेवा पुऱ्याउन बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन,२०७४ एवं नेपालको संविधानको मर्म अनुरुप अर्को व्यवस्था नभएसम्मका लागि नगर कार्यपालिकाले यो क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७८ लागु गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७८ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

ग) यो कार्यविधि परशुराम नगरपालिकामा संचालित सरकारी/सामुदायिक क्याम्पसलाई मात्र लागु हुने छ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) “कार्यविधि” भन्नाले परशुराम नगरपालिको क्याम्पस अनुदान तथा व्यवस्थापन कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले परशुराम नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) “नगर सभा” भन्नाले परशुराम नगररपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

घ) “नगर कार्यपालिका” भन्नाले परशुराम नगरपालिकाको कार्यपालिका लाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

च) "क्याम्पस" भन्नाले परशुराम नगरपालिकामा संचालित सरकारी/ सामुदायिक क्याम्पसलाई सम्झनु पर्दछ ।

छ) "सरकारी तथा सामुदायिक क्याम्पस" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र परशुराम नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त क्याम्पस सम्झनु पर्दछ ।

ज) "उच्च शिक्षा" भन्नाले माध्यमिक शिक्षा कक्षा १२ उत्तीर्ण गरे पश्चात लिइने उच्च शिक्षा सम्झनु पर्दछ ।

झ) "उप-प्राध्यापक तथा सहायक प्राध्यापक" भन्नाले सरकारी तथा सामुदायिक क्याम्पसमा अध्यापनरत क्याम्पसबाट तथा संचालक समितिबाट प्रचलित कानून बमोजिम नियुक्त गरिएका शिक्षक सम्झनु पर्दछ ।

ञ)"अस्थायी सहायक प्राध्यापक" सरकारी तथा सामुदायिक क्याम्पसमा अध्यापनरत विश्वविध्यालय तथा क्याम्पस संचालक समितिबाट प्रचलित कानून बमोजिम अस्थायी एवं करार भनी नियुक्त गरिएका शिक्षक सम्झनु पर्दछ ।

ट)"कर्मचारी" भन्नाले सामुदायिक क्याम्पसमा अध्यापनरत विश्वविद्यालय तथा क्याम्पस संचालक समितिबाट प्रचलित कानून बमोजिम नियुक्त गरिएका कर्मचारी सम्झनु पर्दछ ।

ठ) "समिति" भन्नाले क्याम्पस संचालक समिति सम्झनु पर्दछ ।

ड) "क्याम्पस प्रमुख" भन्नाले क्याम्पस संचालक समिति वा विश्वविद्यालयबाट प्रशासनिक कामकाज समेत गर्ने गरी नियुक्त गरिएको उप-प्राध्यापक/शिक्षक सम्झनु पर्दछ ।





## परिच्छेद : २

## अनुदानको उद्देश्य

**३) अनुदानको उद्देश्यः**

क) क्याम्पसमा नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै पनि प्रकारको तलब, सेवा सुविधा नपाइरहेका क्याम्पसको आन्तरीक श्रोतबाट मात्र न्यून पारिश्रमिकमा कार्यरत उपप्राध्यापक, सहायक प्राध्यापक, प्रशिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहित गर्ने ।

ख) क्याम्पसको संरचनात्मक तथा उच्च शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्ने क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने ।

ग) क्याम्पसबाट प्रदान गरिने सेवा लाई प्रभावकारी, जनमुखी तथा भरपर्दो तुल्याउन सहयोग गर्ने ।

घ) स्थानिय स्तर एवं घरदैलोमै उच्च शिक्षा प्राप्त गर्न चाहने युवाको चाहनालाई साकार तुल्याउन सहयोग गर्ने ।

## परिच्छेद -३

## अनुदान दिन सकिने क्षेत्रहरु

**४) अनुदान दिन सकिने क्षेत्रहरु :**

१) यस नगरपालिकाद्वारा योजना खुलाई तोकेको बाहेक अनुदान शिर्षकमा प्रदान गरिएको रकम देहाय बामोजिमका शिर्षकमा खर्च गर्न सकिने छ ।

क) नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै अनुदान नपाउने र हाल क्याम्पसको आन्तरिक श्रोतबाट मात्र न्यून पारिश्रमीक पाईरहेका उप-प्राध्यापक/सहायक प्राध्यापक र प्रशिक्षक तलब भत्ता

ख) नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै अनुदान नपाउने र हाल क्याम्पसको आन्तरिक श्रोतबाट मात्र न्यून पारिश्रमीक पाईरहेका कर्मचारीको तलब भत्ता

ग) शैक्षिक सामग्री व्यवस्थापन

घ) शैक्षिक गतिविधी सञ्चालन कार्यक्रम

२) उपदफा १ मा जुनसकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका वा नगर सभाबाट माथि उल्लेखित मध्ये कुनै शिर्षकमा तोकेर विनियोजन गरेको खण्डमा सोही शिर्षकमा मात्र खर्च गर्नुपर्ने छ ।

## परिच्छेद ४

## अनुदान तथा सहायता रकम निकासा तथा कार्यान्वयन प्रकृया

### ५. अनुदान तथा सहायता रकम निकासा प्रकृयाः

क) यस कार्यविधी बमोजिम उपलब्ध गराउने अनुदान रकम कार्यपालिका तथा सभाबाट निर्णय पारित गरी तोकिए बमोजिम हुने छ ।

ख) अनुदान प्राप्त गर्ने क्याम्पसले अनुदान कुन कुन शिर्षकमा माग गर्ने हो सोको प्रस्तावना क्याम्पस व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकामा पेस गर्नुपर्नेछ ।

ग) अनुदान रकम दुई किस्तामा क्याम्पसको खातामा निकासा दिइनेछ । पहिलो किस्ता क्याम्पसको प्रस्तावनाका आधारमा ५० प्रतिसत निकासा हुनेछ । दोश्रो तथा अन्तिम किस्ता सम्बन्धित क्याम्पसले पेस गरेको खर्चको विल भरपाई, प्रमाणित कागजातहरु, कार्य सम्पन्न प्रतिवेदन, नगरस्तरीय अनुगमन समितिको सिफारिसका आधारमा निकासा दिईनेछ।





घ) नगरपालिकाले तलब भत्ता बाफत उपलब्ध गराईएको अनुदान क्याम्पसले बैंक मार्फत सम्बन्धित प्राध्यापक वा कर्मचारीको बैक खातामा वा तलबी भरपाई मार्फत भुक्तानी दिनुपर्ने छ ।

ङ) अनुदान रकम पेश्कीको रुपमा दिन सकिने छ ।

च) अनुदान दिइसके पछि क्याम्पसले नगरपालिकालाई तलबी भरपाई वा खर्चको फाँटवारी तथा बिलहरु पेश गरी पेश्की फर्च्यौट गर्नुपर्ने छ ।

छ) तलब भत्ता बाफत अनुदानको हकमा नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै पनि तलब, सेवा सुविधा प्राप्त नगरेको क्याम्पसको आन्तरीक श्रोतबाट मात्र तलब, सेवा सुविधा पाईरहेका उप-प्राध्यापक, सहायक प्राध्यापक तथा कर्मचारीको विवरण र नियुक्ति उपलब्ध गराउनु पर्नेछ ।

माथी क देखि छ सम्म जुनसुकै कुरा लखिएको भए तापनि क्याम्पसमा कार्यरत उप-प्राध्यापक, सहायक प्रध्यापक वा कर्मचारीको बार्षिक तलब भत्ता अपुग भएमा क्याम्पस आफैले अपुग रकम बेहोर्नुपर्ने छ । र नगरपालिकाले देहाय बमोजिमका आधारमा क्याम्पसलाई दिईने अनुदान रकम बर्षैपिच्छे फरक - फरक हुन सक्ने छ ।

क) नगरपालिकाको आन्तरिक आम्दानी

ख) नगरपालिकाको वार्षिक बजेटको आकार

ग) नगरपालिकाको योजनाको प्रमाणीकरण

घ) अनुदानको आवश्यकता औचित्यता र प्रभावकारीता

## परिच्छेद -५

## विविध

**६. लेखापरीण सम्बन्धी व्यवस्था :**

क्याम्पसलाई निकासा भएको रकमको लेखापरीण क्याम्पसको हकमा क्याम्पस/विश्वविद्यालयको विनियम बमोजिम तथा नगरपालिकाको हकमा प्रचलित आर्थिक सम्बन्धी ऐन तथा नियमावली बमोजिम हुने छ।

**७. अनुगमन सम्बन्धी व्यवस्था:**

क) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा नगरपालिकाबाट अनुगमन हुनेछ । अनुगमनको क्रममा तोकिएको सम्बन्धित शीर्षकमा खर्च नभएको पाइएमा नगरपालिकाले अनुदान कट्टी गरी भुक्तानी भएको अनुदान असुल गर्न सक्नेछ।

ख) नगरपालिकाबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाईएमा नगरपालिकाले तोकिएको कार्य सम्पन्न गर्न समिति वा क्याम्पस प्रमुखलाई निर्देशन गर्न सक्नेछ।

ग) नगरपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित क्याम्पस संचालक समिति वा क्याम्पस प्रमुखको कर्तव्य हुने छ।

घ) खण्ड (ग) बमोजिम निर्देशन पालना नगर्नेलाई कानुन बमोजिम कारवाही गर्ने वा कारवाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिने छ।

**८. संशोधन तथा परिमार्जन:**

नगरपालिकाले क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७८ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ।





**९. बचाउ तथा खारेजी:**

क) यो कार्यविधी नगरकार्यपालिकाबाट आर्थिक बर्ष २०७८/२०७९ मा क्याम्पसमा दिईने अनुदानको हकमा मात्र लागु गरिने छ। यस कार्यविधी बमोजिम यसै चालु आर्थिक वर्ष भित्रका क्रियाकलापमा मात्र सम्बन्धित क्याम्पसले खर्च गर्नुपर्नेछ।

ख) यो कार्यविधी नगर कार्यपालिकाबाट संशोधन वा खारेजी हुन सक्नेछ।

प्रमाणिकरण मिति : २०७८/१०/२८

आज्ञाले
तारानाथ पनेरु
प्रमुख प्रशासकिय अधिकृत